# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार सामान्य प्रशा[सन] मन्त्रालय अतिरिक्त समूहका राजपत्रांकित विशिष्ट श्रेणी श्री मुक्तिप्रसाद काफ्लेलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ (३) बमोजिम सरकारी नोकरीबाट अवकाश दिएको छ ।

### सूचना २

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिक्षा तथा संस्कृति मन्त्रालयको सचिव पदमा सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा.) श्री ईश्वरप्रसाद उपाध्यायलाई मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जलस्रोत मन्त्रालयका का.मु. सचिव श्री भुवनेशकुमार प्रधानलाई राष्ट्रिय योजना आयोगका सह-स[दस्य] सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगका का.मु. सह-सदस्य सचिव श्री श्यामप्रसाद अधिकारीलाई जलस्रोत मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिक्षा तथा संस्कृति मन्त्रालयका का. मु. सचिव श्री रमेशजंग थापालाई रक्षा मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि मन्त्रालयका रा. प. प्रथम श्रेणी (प्रा.) श्री विन्देश्वरीप्रसाद सिन्हालाई सोही मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्रीको कार्यालयका का. मु. सचिव श्री देवेन्द्रबहादुर प्रधानलाई आपूर्ति मन्त्रालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ८

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भूमिसुधार तथा व्यवस्था मन्त्रालयका अतिरिक्त सचिव श्री सूर्यनाथ सुवेदीलाई मन्त्रिपरिषद् सचिवालयको सचिव पदमा मिति २०४८।३।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ९

निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले आपूर्ति मन्त्रालयका का. मु. सचिव श्री दुर्गाप्रकाश पाण्डेलाई वाणिज्य मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १०

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार रक्षा मन्त्रालयका सचिव श्री मुकुन्दशम्सेर थापालाई स्वास्थ्य मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

## सूचना ११

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार कृषि मन्त्रालयका का.मु. सचिव श्री हेरम्बबहादुर राजभण्डारीलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको अतिरिक्त सचिव सरहको पदमा सरुवा गरेको छ ।

## सूचना १२

श्री ५ को सरकारले मिति २०४८।३।१० को निर्णयानुसार निर्माण तथा यातायात मन्त्रालयका का.मु.सचिव श्री पृथुनरसिंह राणालाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको अतिरिक्त सचिव सरहको पदमा सरुवा गरेको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## संसद सचिवालयको सूचना

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं १ र ५ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित मा. श्री मदनकुमार भण्डारीले मिति २०४८।३।२५ मा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० को उपदफा (१) बमोजिम काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. ५ को प्रतिनिधि सभाको सदस्यता त्याग गन गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को खण्ड (ख) बमोजिम प्रतिनिधि सभाको सदस्यको स्थान एक रिक्त हुन आएको छ ।

आज्ञाले,
जीवनलाल सत्याल
संसदको महासचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१६६०